नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभागको

## अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८३।०१।०८)

मिति २०८२।१२।२५ मा यस विभागबाट प्रकाशित सूचना अनुसार अन्तर्राष्ट्रियस्तरमै जैविक इन्धनको मूल्यवृद्धि हुन गई स्वचालित भाडा समायोजन प्रणाली अनुरुप अन्तरप्रदेशीय सार्वजनिक सवारीसाधनको भाडा समायोजन गरिँदा यात्रुवाहक तथा मालवाहक सार्वजनिक सवारीसाधनको भाडामा भएको वृद्धि केवल डिजेल इन्जिन प्रयोग हुने सार्वजनिक सवारीसाधनको हकमा मात्रै भएको तर विद्युतीय सवारीसाधनको हकमा उक्त भाडा वृद्धि लागु नहुने व्यहोरा अनुरोध गर्दछौं। कुनै कुनै विद्युतीय सवारीसाधन प्रयोग गर्ने यातायात सेवा प्रदायकबाट यात्रु ओसार-पसार गर्दा माथि उल्लेख भए अनुसार वृद्धि भएको भाडा असुलिएको साथै यात्रुलाई यात्री टिकट समेत नदिइएको गुनासो प्राप्त भएको हुँदा विद्युतीय सवारीसाधनको हकमा साविककै भाडादर कायम रहेको तथा यातायात सेवा प्रदायकले यात्रुले भाडा तिरेको यात्री टिकट अनिवार्य रुपमा दिनुपर्ने प्रावधान रहेकोले सोही अनुसार गर्नु/गराउनु हुन अनुरोध छ। साथै उल्लिखित व्यवस्थाको विपरित भए/गरेको पाइएमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९; सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ तथा अन्य प्रचलित कानुन बमोजिमको कारवाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
पूर्वाधार तथा यातायात
यातायात व्यवस्था विभाग
मिनभवन काठमाडौं